नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश नेपाल

# पिक अप भ्यान आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

सूचना नं. २।०७४।०७५

(प्रथम पटक प्रकाशन मिति : (२०७४।१२।१२ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेख यान्त्रिक उपकरण सप्लाई गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) बोलपत्र फारमको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्रफारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउनुपर्नेछ ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा दैलेख स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ४०१०३०३००७१०५ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिइनेछ ।

५) दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३० औं दिनको ४:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) यस सूचनामा उल्लेखित भएबाहेकका बिषयहरुमा सार्वजनिक खरिद ऐन २०६३, (संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित), अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | लागत अनुमान | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| ०१/२०७४/०७५ | 4WD double cab pickup (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | रु ३५,५०,०००। | ३,०००।- | कबुल अंकको २.५ प्रतिशत । |

प्रमुख प्रशासकिय अधिकृत
नौमूले गाउँपालिका दैलेख